# नेपाल वायुसेवा निगम
## काठमाडौं
## आवश्यकता

(प्रथम पटक प्रकाशित मिति : २०७३/०६/२१)

लोक सेवा आयोगवाट स्वीकृत भए बमोजिमनिगमको निम्न लिखित पदहरुमा खुल्ला प्रतियोगिताद्वारा स्थायी रुपले पूर्ति गर्नु परेको हुंदा योग्य नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ । उम्मेदवारले दरखास्त फारम भरी आफुले प्राप्त गरेको शैक्षिक योग्यता, तालिम तथा नागरिकता प्रमाणपत्रको नक्कल प्रतिलिपिहरु आफुले प्रमाणित गरी परीक्षा दस्तूर वापतको रकम काठमाडौं उपत्यकामा रहेको नेपाल बैंक लिमिटेडको कुनै पनि कार्यालयमा निगमको चल्ती खाता नं.०००२-११-००१९४५६ मा जम्मा गरेको भौचर पछाडी विज्ञापन नम्बर, पद तथा उम्मेदवारको नाम उल्लेख गरी यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित मितिले २१ दिन भित्र यस निगमको केन्द्रिय कार्यालय, न्यूरोडमा कार्यालय खुलेको दिनमा दिनको ११:०० बजे देखि ३:०० बजे भित्र बुझाउनु पर्नेछ ।दरखास्त फारम रु. १००/-(रु. एक सय) तिरी यस निगमको केन्द्रिय कार्यालय, न्यूरोडबाट प्राप्त गर्न सकिने छ ।रित नपुगेका र म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत सूचित गरिन्छ ।

| क्र. सं | बिज्ञापन नं | पद | तह | सेवा/समुह/उपसमुह | खुल्ला | समाबेशी | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | आ/ज | मधेशी | दलित | |
| १ | ०१।०७३।७४ | सिनियर क्याप्टेन | ९ | उड्डयन/क्रु/विमान चालक | ५ | १ | १ | १ | १ | ९ |
| २ | ०२।०७३।७४ | क्याप्टेन | ८(ए) | उड्डयन/क्रु/विमान चालक | ४ | १ | १ | १ | - | ७ |
| ३ | ०३।०७३।७४ | जुनियर क्याप्टेन | ८(बी) | उड्डयन/क्रु/विमान चालक | ४ | १ | १ | १ | - | ७ |
| ४ | ०४।०७३।७४ | बरिष्ठ प्राबिधिक अधिकृत | ७ | वायुयान मर्मत सम्भार/ ग्राउण्ड इकयुपमेन्ट/( अटोकोवाइल/मेकानिकल) | १ | - | - | - | - | १ |
| ५ | ०५।०७३।७४ | बरिष्ठ प्राबिधिक अधिकृत | ७ | वायुयान मर्मत सम्भार/ मर्मत सम्भार/ एयरफ्रेम एण्ड इन्जिन | ३ | १ | १ | १ | - | ६ |
| ६ | ०६।०७३।७४ | बरिष्ठ प्राबिधिक अधिकृत | ७ | वायुयान मर्मत सम्भार/ मर्मत सम्भार/एभियोनिक्स | ३ | १ | १ | - | - | ५ |
| ७ | ०७।०७३।७४ | बरिष्ठ प्राबिधिक अधिकृत | ७ | वायुयान मर्मत सम्भार/ मर्मतशाला/एभियोनिक्स | १ | - | - | - | - | १ |
| ८ | ०८।०७३।७४ | वरिष्ठ प्राबिधिक | ५ | वायुयान मर्मत सम्भार/ मर्मत सम्भार/ एयरफ्रेम एण्ड इन्जिन | २ | १ | १ | - | - | ४ |
| ९ | ०९।०७३।७४ | वरिष्ठ प्राबिधिक | ५ | वायुयान मर्मत सम्भार/ मर्मत सम्भार/एभियोनिक्स | २ | १ | - | - | - | ३ |
| १० | १०।०७३।७४ | जुनियर फ्लाईट डिस्प्याचर | ५ | उड्डयन/उड्डयन प्राबिधिक/ फ्लाईट डिस्प्याचर | ६ | १ | १ | १ | १ | १० |
| ११ | ११।०७३।७४ | सिभिल ओभरसियर | ५ | सामान्य प्राबिधिक/ निर्माण/ सिभिल ईन्जिनियरिङ | १ | १ | - | - | - | २ |
| १२ | १२।०७३।७४ | ग्राउण्ड इकयुपमेन्टअपरेटर | ४ | वायुयान मर्मत सम्भार/ ग्राउण्ड इकयुपमेन्ट/अपरेटर्स | ६ | १ | १ | १ | १ | १० |
| १३ | १३।०७३।७४ | टेक्निसियन (पेण्टर) | ४ | वायुयान मर्मत सम्भार/ विविध/पेण्टर | १ | १ | - | - | - | २ |
| १४ | १४।०७३।७४ | टेक्निसियन (टेलर) | ४ | वायुयान मर्मत सम्भार/ विविध/टेलर | १ | - | - | - | - | १ |
| १५ | १५।०७३।७४ | टेक्निसियन(जेनेरल, टुल्स) | ४ | वायुयान मर्मत सम्भार/ मर्मत शाला/(जेनेरल, टुल्स) | ३ | १ | १ | - | - | ५ |

परीक्षा दस्तुर :

| क्र.सं | तह | खुल्लाको लागी (कुनै एक समुहको लागि) | एक भन्दा बडी समुहमा दरखास्त पेश गर्दा प्रत्येक थप समुहको लागी |
|---|---|---|---|
| १ | नवौं र आठौं (ए/बी) | रु.२०००/- | रु.१०००/- |
| २ | सातौं | रु.७००/- | रु.३५०/- |
| ३ | पाँचौ र चौथो | रु.५००/- | रु.२५०/- |

आवश्यक न्युनतम योग्यता :

| क्र. सं | बिज्ञापन नं | पद | तह | आवश्यक न्युनतम योग्यता |
|---|---|---|---|---|
| १ | ०१।०७३।७४ | सिनियर क्याप्टेन | ९ | (क)STOL:<br>(१) नेपाल नागरिक उड्डयन प्राधिकरण(CAAN) बाटATPL (Air Transport Pilot Licence)प्राप्त गरी कम्तीमा १० बर्षPIC (Pilot in Command)को हैसियतले उडान सञ्चालन गरेको ।<br>(२)Co-Pilotसँग कुनै पनिCAT C STOL Airfield मा उडान सञ्चालन गरेको ।<br>(३) कम्तीमा ३५०० घण्टाPICको हैसियतले कुनै पनिSTOL Aircraftउडान गरेको । जसमा कम्तीमा१५०० घण्टा PICको हैसियतलेMulti-Engine STOL Aircraftउडान गरेको।<br>वा<br>ख)NON STOL :<br>(१) नेपाल नागरिक उड्डयन प्राधिकरण(CAAN) बाटATPL (Air Transport Pilot Licence)प्राप्त गरी कम्तीमा १० बर्षPIC (Pilot in Command)को हैसियतले उडान सञ्चालन गरेको ।<br>(२) कम्तीमा ३५०० घण्टाPICको हैसियतले Multiengine PressurizedAircraftउडान गरेको । |
| २ | ०२।०७३।७४ | क्याप्टेन | ८(ए) | क)STOL;<br>(१) नेपाल नागरिक उड्डयन प्राधिकरण(CAAN) बाट ATPL (Air Transport Pilot Licence)प्राप्त गरी कम्तीमा ४ बर्षPIC (Pilot in Command)को हैसियतले उडान सञ्चालन गरेको ।<br>(२)Co-Pilotसँग कुनै पनिCAT C STOL Airfield मा उडान सञ्चालन गरेको ।<br>(३) कम्तीमा १५०० घण्टाPICको हैसियतले कुनै पनिSTOL Aircraftउडान गरेका । जसमाकम्तीमा १००० घण्टाPICको हैसियतलेMulti-Engine STOLAircraft उडान गरेको।<br>वा<br>ख)NON STOL:<br>(१) नेपाल नागरिक उड्डयन प्राधिकरण(CAAN) बाट ATPL (Air Transport Pilot Licence)प्राप्त गरी कम्तीमा ४ बर्षPIC (Pilot in Command)को हैसियतले उडान सञ्चालन गरेको ।<br>(२) कम्तीमा १५०० घण्टाPICको हैसियतले Multi-EnginePressurizedAircraft उडान गरेको । |
| ३ | ०३।०७३।७४ | जुनियर क्याप्टेन | ८(बी) | नेपाल नागरिक उड्डयन प्राधिकरण (CAAN)वाट ATPL (Air Transport Pilot Licence)प्राप्त गरिMulti Engine Aircraftको PIC (Pilot in Command) Endorsement प्राप्त गरेको । |
| ४ | ०४।०७३।७४ | बरिष्ठ प्राबिधिक अधिकृत | ७ | नेपाल सरकार वाट मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थावाट Mechanical/Automobileबिषयमा बी.ई उत्तिर्ण गरेको । |
| ५ | ०५।०७३।७४ | बरिष्ठ प्राबिधिक अधिकृत | ७ | नेपाल सरकार वाट मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थावाट Aeronautical/Mechanicalबिषयमा बी.ई उत्तिर्णगरेको । |
| ६ | ०६।०७३।७४ | बरिष्ठ प्राबिधिक अधिकृत | ७ | नेपाल सरकार वाट मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थावाट Aeronautical(Avionics) /Electrical/Electronics/Communication बिषयमा बी.ई उत्तिर्ण गरेको । |
| ७ | ०७।०७३।७४ | बरिष्ठ प्राबिधिक अधिकृत | ७ | नेपाल सरकार वाट मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थावाटAeronautical(Avionics)/Electrical/Electronics/Communication बिषयमा बी.ई उत्तिर्ण गरेको । |
| ८ | ०८।०७३।७४ | वरिष्ठ प्राबिधिक | ५ | मान्यता प्राप्त शिक्षण संस्थावाट Mechanical/Aeronautical/Automobileबिषयमा प्रमाण पत्र तह उत्तिर्ण गरेको |
| ९ | ०९।०७३।७४ | वरिष्ठ प्राबिधिक | ५ | मान्यता प्राप्त शिक्षण संस्थावाट Electricals/Electronics/Radio Comminicationबिषयमा प्रमाण पत्र तह उत्तिर्ण गरेको । |
| १० | १०।०७३।७४ | जुनियर फ्लाईट डिस्प्याचर | ५ | मौसम तथा जलवायु विज्ञान विषय लिई आई.एस.सी. वा विज्ञान (फिजिकल समुह) विषयमा इन्टरमिडियट/प्रमाण पत्र तह /१२ कक्षाको परिक्षा उत्तिर्ण गरेको । |
| ११ | ११।०७३।७४ | सिभिल ओभरसियर | ५ | नेपाल सरकार वाट मान्यता प्राप्त शिक्षण संस्थावाट Civil Engineeringविषयमा प्रविणता प्रमाणपत्र वा सो सरह उत्तिर्ण गरेको । |
| १२ | १२।०७३।७४ | ग्राउण्ड इकयुपमेन्ट अपरेटर | ४ | १) CTEVTवाट मान्यता प्राप्त संस्थाबाट Automobile प्राविधिक विषयमा एस.एल.सी. उत्तिर्ण गरेको ।<br>२) सवारी चालक अनुमतिपत्र प्राप्त गरेको । |
| १३ | १३।०७३।७४ | टेक्निसियन | ४ | नेपाल सरकार वाट मान्यता प्राप्त शिक्षण संस्थावाट Painting विषयमा एस.एल.सी. वा सो सरह उत्तिर्ण गरेको । |
| १४ | १४।०७३।७४ | टेक्निसियन | ४ | नेपाल सरकार वाट मान्यता प्राप्त शिक्षण संस्थावाट Tailoringविषयमा एस.एल.सी. वा सो सरह उत्तिर्ण गरेको । |
| १५ | १५।०७३।७४ | टेक्निसियन | ४ | नेपाल सरकार वाट मान्यता प्राप्त शिक्षण संस्थावाट General,Tools विषयमा एस.एल.सी. वा सो सरह उत्तिर्ण गरेको । |

**समावेशी तर्फ दरखास्त दिने उम्मेदवारहरुको हकमा निम्न थप कागजातहरु समेत पेश गर्नुपर्नेछ:**

(क) आदिवासी/जनजातिका लागि नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी १ प्रति । तर, नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान ऐनमा सुचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरुभएमा सम्बन्धित स्थानिय निकाएको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सुचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्ने छ ।

(ख)दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी १ प्रति । तर, राष्ट्रिय दलित आयोगबाटसुचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकाएको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सुचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्ने छ ।

(ग) मधेसीका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनि प्रमाणित भएको तरनेपाल राजपत्रमा सुचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानिय निकाएको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनि प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि १ प्रति ।

(घ) पिछडिएको क्षेत्रका लागि अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु, हुम्ला, जिल्लामा स्थायीबसोवास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्बन्धित गा.वि.स./नगरपालिकाबाट दरखास्त दिंदाकाबखतसम्म सोहि स्थानमा स्थायी बसोवास गरेको सिफारिसको प्रतिलिपि १ प्रति ।

**स्थायी नियूक्तिको आधार(उड्डयन सेवा तर्फका पदहरुका लागि मात्र):**

| क्र.सं | बिज्ञापन नं | पद | तह | स्थायी नियुक्तिको आधार |
|---|---|---|---|---|
| १ | ०१।०७३।७४ | सिनियर क्याप्टेन | ९ | नेपाल नागरिक उड्डयन प्राधिकरणबाट DHC-6 वा Y-12 वा MA60बिमानको Type Rating Valid रहेका उम्मेदवारलाई (सम्बन्धीत पद) स्थायी पदमा परिक्षणकालमा नियुक्ति गरिने छ । तर उपरोक्त अनुसार DHC-6 वा Y-12 वा MA60बिमानको Type Rating Valid नरहेका उम्मेदवारहरुको हकमा भने ट्रेनि ( सम्बन्धीत पद) मा नियुक्ति गरी निगमबाट प्रदान गरिने तालिममा सफल भई नेपाल नागरिक उड्डयन प्राधिकरणबाट DHC-6 वा Y-12 वा MA60बिमानको ईन्डोर्समेन्ट प्राप्त गर्नेलाई (सम्बन्धीत पद) स्थायी पदमा प्रचलित नियमानुसार परिक्षणकालमा रहने गरी नियुक्ति गरिनेछ । तालिम पश्चात नेपाल नागरिक उड्डयन प्राधिकरणबाट ईन्डोर्समेन्ट प्राप्त गर्न नसक्नेहरुलाई सेवामा नियुक्ति दिइनेछैन । |
| २ | ०२।०७३।७४ | क्याप्टेन | ८(ए) | |
| ३ | ०३।०७३।७४ | जुनियर क्याप्टेन | ८(बी) | |

**उपरोक्त पदहरुका लागि:**

**(क) उमेरको हद:**

(१) तह ९ र ८(ए) का पदहरुलाई २१ वर्ष पुरा गरि ५५ वर्ष ननाघेको ।

(२) तह ८(बी) को पदको लागि २१ वर्ष पुरा गरि ४५ वर्ष ननाघेको ।

(३) तह ७ का पदहरुका लागि २१ वर्ष पुरा गरि ३५ बर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको

(४) तह ५ र ४ का पदहरुका लागि १८ वर्ष पुरा गरि ३५ बर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको ।

तर निगममा स्थायी बहालवाल कर्मचारीलाई तथा निगमका कर्मचारीहरुको सेवा, शर्त सम्बन्धी विनियमावली, २०५८ को विनियम २१(३) मा उल्लेख भएकोहकमा उमेरको हद लागु हुने छैन ।

**(ख) नागरिकता** : नेपाली नागरिक हुनु पर्ने ।

**(ग) सेवा प्रवेश तालिम**:निगमको नियमानुसार ।

**(घ)छनौट प्रक्रिया** :

(१)बिज्ञापन नं ०१।०७३।७४, ०२।०७३।७४ र ०३।०७३।७४ का पदहरुका लागि Aptitude Test,स्वास्थ्य परीक्षणतथा अन्तरवार्ता ।

(२) बिज्ञापन १२।०७३।७४को पदका लागि लिखित परीक्षा, प्रयोगात्मक परीक्षा तथा अन्तरवार्ता ।

(३) अन्य बिज्ञापन नं का पदहरुका लागि लिखित परीक्षा तथा अन्तरवार्ता ।

**(ङ) दरखास्त दिने अन्तिम मिति:**२०७३/०७/११गते सम्म, दोब्बर दस्तुर तिरि २०७३/०७/१८ गते सम्म दरखास्त बुझाउन सकिनेछ । अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन समेत दरखास्त बुझाउन सकिनेछ।

(**च**) **तलव तथा अन्य सुबिधा** : निगमको नियमानूसार ।

(**छ**) **काम गर्नुपर्ने स्थान** : निगमको केन्द्रीय कार्यालय तथा अन्तरगतका कार्यालयहरु ।

(**ज**)लिखित परीक्षा तथा Aptitude Test को पाठ्यक्रम निगमको Website:www.nepalairlines.com.np/ Career/ Syllabusमा हेर्न सकिनेछ ।

(**ञ**)लिखित परीक्षा लोक सेवा आयोगवाट संचालन हुनेछ ।

(**ट**)लिखित परीक्षाको कार्यक्रम पछि प्रकाशन गरिनेछ ।

मानव संशाधन बिभाग

**भूलसुधार :मिति २०७३/०६/२१ गते शुक्रवार गोरखापत्र दैनिकमा प्रकाशित सूचनाको बिज्ञापन नं. ०२/०७३/७४ को आबश्यक न्युनतम योग्यता यसै सूचना अनुसार हुनुपर्नेमा अन्यथा हुन गएकोले भूलसुधार गरिएको छ ।**